पान नं. : ६०३८०५९१६ MOR/KE/61/09

# श्री एकता सामुदायिक वन उपभोक्ता समूह

## केराबारी गा.पा.-३, ८ र १०, मोरङ

प.सं. : २०८२/०८३
च.नं. :७०

मिति : २०८३।०३।०३

**विषय : सूचना टाँस गरी जानकारी पठाइ दिने सम्बन्धमा ।**

श्री प्रदेश वन निर्देशनालय, कोशी प्रदेश, धरान, सुनसरी ।
श्री जिल्ला प्रशासन कार्यालय, मोरङ, विराटनगर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मोरङ, विराटनगर ।
श्री डिभिजन वन कार्यालय, मोरङ, विराटनगर ।
श्री मालपोत कार्यालय, बेलवारी, मोरङ ।
श्री केराबारी गाउँपालिकाको कार्यालय, केराबारी, मोरङ ।
श्री केराबारी गाउँपालिका ३ नं.वडा कार्यालय, मोरङ ।
श्री केराबारी गाउँपालिका ८ नं.वडा कार्यालय, मोरङ ।
श्री केराबारी गाउँपालिका १० नं. वडा कार्यालय, मोरङ
श्री सव डि.व.का., केराबारी/बेलबारी/सलकपुर/मंगलबारे, मोरङ ।
श्री सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला कार्य समिति, मोरङ, लेटाङ ।
श्री नेपाल वन पैदावार उद्योग व्यवसायी संघ, मोरङ, विराटनगर ।

प्रस्तुत विषयमा यस समूहबाट **पहिलो पटक मिति २०८३।०३।०२ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित २१ दिने गोलिया काठ/दाउरा लिलाम बिक्री सम्वन्धी सूचना बमोजिमको **विस्तृत सूचना पाना-३** यसै साथ संलग्न राखी पठाईएको छ । पत्र प्राप्त भए पश्चात् तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाई दिन हुन सादर अनुरोध छ ।

दिलमान थापा
अध्यक्ष

अध्यक्ष

वन निर्देशनालय धरान
दर्ता नं. 2562
दर्ता मिति: 2083/3/5

सामुदायिक वनको काठ/दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को अनुसूची-१६ अनुसारको फारम

**श्री एकता सामुदायिक वन उपभोक्ता समूह**
**केराबारी गा.पा.-३, ८ र १०, मोरङ**
पान नं.-६०३८०५११६

# काठ/दाउरा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०३/०२**

यस समूहले आ.व.२०८२/०८३ मा नियमानुसार संकलन गरि समूहको घाटगद्दीमा सुरक्षित गरेका निम्न जात, थान र परिमाणको गोलिया काठ/दाउरा यस समूहको कार्यसमितिबाट मिति २०८३/०२/०३ को निर्णय अनुसार डिभिजन वन कार्यालय, मोरङको च.नं.७२८४ मिति २०८३/०२/२७ को पत्रबाट समूह बाहिर बिक्री वितरण गर्न सहमति भए बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयाबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले **समूहको बैठकबाट कायम भएको न्यूनतम मूल्यलाई आधार मानी** यो सूचना प्रकाशित गरिएको छ । **वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ चिरान गर्ने स:मिल/भेनियर तथा प्लाईउड उद्योग मात्र,** यो सूचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/०२ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १:०० बजेसम्म बोलपत्र खरिद गरेको कार्यालयमा नै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ । साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोली पल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**तपसिल:**

१. **वन पैदावारको विवरण :** संलग्न संक्षिप्त लगत तालिकामा उल्लेखित लट विवरण बमोजिम ।

२. **बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :**
   (क) अन्तिम मिति : **२०८३।०३।२२**
   (ख) समय : **कार्यालय समयभित्र**
   (ग) **खरिद गर्ने स्थान :**
   - एकता सा.व.उ.स.को कार्यालय, केरावारी गा.पा.-३, ८ र १० मोरङ
   - डिभिजन वन कर्यालय.मोरङ

३. **बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :**
   (क) अन्तिम मिति : २०८३/०३/२३
   (ख) समय : **दिउँसो १:०० बजे सम्म**
   (ग) **दाखिला गर्ने स्थान :**
   - एकता सा.व.उ.स.को कार्यालय, केरावारी गा.पा.-३, ८ र १०, मोरङ
   - डिभिजन वन कर्यालय, मोरङ

४. बोलपत्र यसै सूचनाको **बुँदा नं.२** मा तोकेको स्थान, मिति, समय भित्र बोलपत्र खरिद गरी **बुदाँ नं.३** मा तोकेको स्थान, मिति, समय भित्र बोलपत्र दाखिला गर्नु पर्ने छ । साथै बोलपत्र खरिद गरेको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५. यस समूहको नाममा **केराबारी स्थित एन.एम.बि.बैंक लिमिटेड को चल्ती हिसाव नं.०५९००३९४६०३०००१२** मा सकार गरेको रकमको १०% ले हुन आउने धरौटी रकम नगद जम्मा गरेको सक्कल भौचर/ बैंक जमानी समावेश गर्नुपर्ने छ ।

६. बोलपत्र फारम नियमानुसार रू.१०००।-(पछि फिर्ता नहुने गरी) तिरी यसै सूचनाको बुँदा नं. २ मा तोकिएको स्थानबाट खरिद गर्न सकिनेछ र सो को लागि बोलपत्र फारम खरिद बापत लाग्ने रकम सम्वन्धित सा.ब.उ.स.को खातामा दाखिला गरेको बैंक भौचर/नगदी रसिद साथै राखेर पेश गर्नुपर्ने छ ।

७. लिलाम बढाबढ हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ र जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ ।

८. लिलाममा भाग लिने **काठ चिरान गर्ने स:मिल/भेनियर तथा प्लाईउड उद्योग फर्मका** प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र खरिद गर्दा निवेदनसाथ र बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. रीतपूर्वक दर्ता भएका बोलपत्रहरु संकलन गरी सम्वन्धित सा.व.उ.समूहको कार्यालयमा मिति **२०८३/०३/२३ मा दिउँसो ३:०० बजे** बिभिन्न कार्यालय तथा संघ, संस्थाको साथै ब्यवसायी प्रतिनिधीहरुको रोहवरमा खोलिने छ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको **४५ दिन भित्र सकार गरेको रकम समूहमा दाखिला गर्नुपर्ने छ** तथा डि.व.का.बाट लिलाम बिक्री समर्थन भए पश्चात सकारमुल्य र नियमानुसारको **मूल्य अभिबृद्धि कर १३%** समेत बुझाई लिलाम बिक्रीमा चढाएको वन पैदावार बाँकी प्रक्रिया पुरा गरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम **अङ्क र अक्षर दुबैमा** लेख्नु पर्छ । अङ्क र अक्षरमा फरक परे **अक्षरलाई मान्यता** दिईनेछ ।

१२. बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु समूहको निर्णय अनुसार हुनेछ ।

समूहले स्वीकृत गरेको **बोलपत्रलाई समर्थन गर्ने, अन्तिम निर्णय डिभिजन वन कार्यालय, मोरङको** हुनेछ ।

दिलमान थापा
(प्रमाणित गर्ने)
अध्यक्ष

क्रमश :

पाना-२

## श्री एकता सामुदायिक वन उपभोक्ता समूह, केरावारी गा.पा.-३, ८ र १० मोरङ

### वन पैदावारको विवरण तालिका :

| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फी/चट्टा) | संकलन खर्च सहित न्यूनतम मुल्य प्रति क्यू.फी./चट्टा रु. | संकलन खर्च सहित जम्मा न्यूनतम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/२०८१-०८२ | साल | A | १ | ११.६९ | १७५०/- | २०,४५७/६८ | |
| | | B | ८ | ८३.६८ | १३५०/- | १,१२,९६८/०० | |
| | | C | ४ | २१.२१ | ९००/- | १९,०८८/२८ | |
| | | जम्मा | १३ | ११६.५८ | - | १,५२,५१३/९६ | |
| | असना | A | ३ | ५३.७८ | ८१३/- | ४३,७२३/१४ | |
| | | B | ८ | १३८.०९ | ६१३/- | ८४,६४९/६१ | |
| | | C | १ | ९.३९ | ३१३/- | २,९३८/७२ | |
| | | जम्मा | १२ | २०१.२६ | - | १,३१,३११/४७ | |
| | कर्मा | A | ३ | ९६.४८ | ८१३/- | ७८,४३४/७४ | |
| | | B | ६ | ८३.०७ | ६१३/- | ५०,९२१/९१ | |
| | | C | ४ | २५.३२ | ३१३/- | ७,९२५/१६ | |
| | | जम्मा | १३ | २०४.८७ | - | १,३७,२८१/८१ | |
| | बो.ध. | - | १० | ११३.४८ | ४१३/- | ४६,८६६/१० | |
| | कुल जम्मा | | ४८ | ६३६.१८ | - | ४,६७,९७४/१४ | |

| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फी/चट्टा) | संकलन खर्च सहित न्यूनतम मुल्य प्रति क्यू.फी./चट्टा रु. | संकलन खर्च सहित जम्मा न्यूनतम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २/२०८१-०८२ | साल | A | १ | ११.६८ | १७५०/- | २०,४३७/९३ | |
| | | B | ७ | ७३.५८ | १३५०/- | ९९,३२९/८८ | |
| | | C | ४ | २३.७४ | ९००/- | २१,३६८/७५ | |
| | | D | १ | ३.३० | ६५०/- | २,१४५/५१ | |
| | | जम्मा | १३ | ११२.३० | - | १,४३,२८२/०७ | |
| | असना | A | ४ | ७४.६३ | ८१३/- | ६०,६७०/१३ | |
| | | B | १० | १३७.७४ | ६१३/- | ८४,४३३/८३ | |
| | | C | २ | ९.२४ | ३१३/- | २,८९२/५३ | |
| | | जम्मा | १६ | २२१.६१ | - | १,४७,९९६/४९ | |
| | कर्मा | A | ३ | १०२.०१ | ८१३/- | ८२,९३४/४७ | |
| | | B | ६ | ८०.९० | ६१३/- | ४९,५९२/०७ | |
| | | C | ३ | १८.८० | ३१३/- | ५,८८२/८८ | |
| | | जम्मा | १२ | २०१.७१ | - | १,३८,४०९/४२ | |
| | बो.ध. | - | ९ | ११४.९९ | ४१३/- | ४७,४९१/०६ | |
| | कुल जम्मा | | ५० | ६५०.६० | | ४,७७,१७९/०४ | |

दिलमान थापा
(प्रमाणित गर्ने)
अध्यक्ष

पाना-३

## श्री एकता सामुदायिक वन उपभोक्ता समूह, केरावारी गा.पा.-३, ८ र १० मोरङ

### वन पैदावारको विवरण तालिका :

| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फी/चट्टा) | संकलन खर्च सहित न्यूनतम मुल्य प्रति क्यू.फी./चट्टा रु. | संकलन खर्च सहित जम्मा न्यूनतम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३/२०८२-०८३ | साल | A | १ | ११.६८ | १७५०/- | २०,४३७/९३ | |
| | | B | ८ | ७२.२३ | १३५०/- | ९७,५०९/९६ | |
| | | C | ३ | २१.५८ | ९००/- | १९,४२२/२७ | |
| | | D | १ | २.८१ | ६५०/- | १,८२८/१३ | |
| | | जम्मा | १३ | १०८.३० | - | १,३९,१९८/२९ | |
| | असना | A | ४ | ८०.५४ | ८१३/- | ६५,४७६/१४ | |
| | | B | ८ | १४०.६५ | ६१३/- | ८६,२१७/७६ | |
| | | C | २ | ९.३९ | ३१३/- | २,९३८/१८ | |
| | | जम्मा | १४ | २३०.५७ | - | १,५४,६३२/०८ | |
| | कर्मा | A | २ | ८५.७६ | ८१३/- | ६९,७२६/०४ | |
| | | B | ४ | ७९.३० | ६१३/- | ४८,६१०/८५ | |
| | | C | ३ | १९.३६ | ३१३/- | ६,०५८/९४ | |
| | | जम्मा | ९ | १८४.४२ | - | १,२४,३९५/८३ | |
| | बो.ध. | - | ९ | १११.०६ | ४१३/- | ४५,८६६/१२ | |
| | कुल जम्मा | | ४५ | ६३४.३५ | - | ४,६४,०९२/३२ | |

इति सम्वत् २०८३ साल असार ३ गते रोज ४ शुभम् ।

(हस्ताक्षर)
दिलमान थापा
(प्रमाणित गर्ने)
अध्यक्ष